# व्यवस्थापिका–संसद, विकास समिति

# नारायणघाट–मुग्लिन सडक खण्ड आयोजनाको स्थलगत निरीक्षण भ्रमण

# प्रतिवेदन-२०७४

## १.विषय प्रवेशः

राजधानी शहर काठमाण्डौलाई जोड्ने बिभिन्न सडकहरुमध्ये प्रमुख सडक काठमाण्डौ–मुग्लिन–नारायणघाट हुंदै बीरगंजसम्म पुग्ने सडकको रणनीतिक महत्व एव्म व्यापारीक महत्व अति नै रहेको छ । यस सडक खण्डमा कुनै पनि प्रकारका कुनै समस्याहरु आएमा राजधानीबासीको जीवनयापनमा समेत प्रत्यक्ष प्रभाव प्रभाव पार्ने देखिन्छ ।

प्रारम्भमा कृषि सडककै रुपमा भएपनि बिस्तारै विकास हूंदै गएको यस सडकले नेपाललाई अत्यावश्यक ईन्धन लगायतका औद्योगिक क्षेत्र संग सम्बन्धित कच्चापदार्थ एव्म तेश्रो मुलुकबाट सामानहरु समेत ओसारपसार गर्ने प्रमुख सडकको रुपमा रही आएको छ । काठमाण्डौंको लाईफलाईनको रुपमा रहेको यस सडकको नारायणघाट–मुग्लिन सडक खण्डको बिस्तारको कार्यले गति लिन सकेको छैन भने बर्षा याममा यस सडक खण्डमा अत्यधिक पहिरो गएको कारण धनजनको क्षति हुन पुगेको छ । सन् २०१७ मै सम्पन्न हुनु पर्ने यस सडक खण्डको स्तरोनत्तिको कार्य आजसम्म सम्पन्न हुन सकेको छैन । कहिले नाकाबन्दी, कहिले भूकम्पको प्रभाव, कहिले निर्माण साभाग्री र जनशक्तिको अभाव, कहिले ठेक्का प्रकृयामा अलमल हुने लगायतका कारणले कार्य प्रगतिमा तिब्रता लिन नसकिएको कारण ३६ औं घण्टा सम्म पनि सवारी जाममा पर्ने अवस्थाले यात्रुहरुलाई बिभिन्न समस्या आई सडक सुरक्षामा समेत गम्भीर प्रश्न उठेको छ ।

यिनै विषयवस्तुलाई मध्यनजर गरी उक्त सडक खण्डको विस्तार कार्यलाई गति प्रदान गर्न र समस्या पहिचान गरी आवश्यक सुझाव दिने उद्देश्यले समितिले मिति २०७४।३।१३ गते उक्त सडक खण्डको स्थलगत अध्ययन भ्रमण गरेको थियो ।

## २.स्थलगत निरीक्षण भ्रमण टोलिः

स्थलगत निरीक्षण भ्रमण टोली देहाय वमोजिम रहेको छ :

१. मा० सभापति श्री रविन्द्र अधिकारी
२. मा० श्री प्रकाश शर्मा पौडेल
३. मा० श्री गुरुप्रसाद बुर्लाकोटी
४. समिति सचिव श्री हृदयराम महर्जन

भ्रमण टोलिमा सडक बिभागका महानिर्देशक श्री गोपाल प्रसाद सिग्देल, आयोजनाका संयोजक श्री संजय श्रेष्ठ, श्री धर्मेन्द्र झा, कान्तीपुर टि.भि, माउण्टेन टि.भी, एन टी भि, ईमेज टि.भी., कान्तिपुर दैनिक पत्रिका, नागरिक दैनिक, अन्नपूर्णपोष्ट, सेतोपाटी, अनलाईन खवर, पहिलोपाष्ट डट कम, रा.स.स., सगरमाथा टि.भि र एविसी टि.भी.का पत्रकारहरु समेत भ्रमण कार्यक्रममा साथै रहनु भएको थियो ।

## ३.आयोजनाको संक्षिप्त परीचयः

नारायणघाट–मुग्लिन सडक खण्डको विस्तार गर्ने कार्य विश्व बैंकको रु.२ अर्ब ९० करोडको आर्थिक सहयोगमा गर्न लागिएको हो । एशियन हाईवे अर्न्तगतको ए एच ४ टु अर्न्तगत यो नारायाणघाट–मुग्लिन सडक पर्दछ । चिन हुंदै नेपालको कोदारी–काठमाण्डौं–नागढुंङ्गा–नौबिसे–मुग्लिन–नारायणघाट–बीरगंज हुंदै भारतको मुज्जफरपुर हुंदै जाने यो सडक एसियन हाईवेको एक खण्ड हो । यो सडक खण्डलाई ३ भागमा बिभाजन गरेर तीन ठेकेदारमार्फत कार्य हुंदै आएरहेको छ । आंपटारी देखि दासढुंङ्गा सम्म भारतीय बिएलए तथा नेपाली श्रेष्ठ निर्माण कम्पनी, दासढुंङ्गदेखि सिमलतालसम्म भारतीय उडहिल तथा नेपाली लामा निर्माण कम्पनी र सिमलतालदेखि मुग्लिनसम्म भारतको सुप्रिम । नेपाली रौताहा निर्माण कम्पनीलाई ठेक्का दिइएको छ । (यसको बिस्तृत बिबरण अनुसूचिमा दिईएको छ । )

सडकको १६ किलो देखि मुग्लिनसम्म ९ मिटर फराकिलो र १६ किलो देखि आंपटारीसम्म ११ मिटर पराकिलो गर्ने कार्य निर्माणाधिन रहेको पाईन्छ । सम्झौता अनुसार सन २०१७ को अन्तिम सम्ममा निर्माण सम्पन्न गरी सक्नुपर्नेमा मुश्किलले ५०% काममात्र सम्पन्न भएको पाईन्छ । समयमै निर्माण हुन नसक्नुमा नाकाबन्दी, भूकम्प, पहिरो जाने, निर्माण सामाग्री र श्रमिक अभाव, विद्युतपोल, पाईपलाईन, बन लगायत कुराहरुलाई देखाउने गरेको पाईन्छ । सो सडक अर्न्तगत पहिलो खण्ड ५०%, दोश्रो खण्ड ५६% र तेश्रो खण्ड ४७% का सम्पन्न भएको अवस्था छ । अहिलेको गतिले कार्य सम्पन्न गर्दै जाने हो भने यस वर्ष वा समयमै काम सम्पन्न हुन सक्नेमा व्यापक आशंका गर्न सकिन्छ ।

## ४.समस्या तथा सुझावहरुः

भ्रमण टोलीले चितवनमा मा० श्री कृष्ण भक्त पोखरेल र मा० श्री काशीनाथ दाहाल, चितवनका प्रमुख जिल्ला अधिकारी, आयोजना सम्बद्ध निकायका पदाधिकारी, परामर्शदातृ निकायका पदाधिकारी, निर्माण व्यवसायी, पत्रकार लगायत स्थानीयवासीहरु समेतको उपस्थितिमा एक अर्न्तकृया कार्यक्रम समेत गरी उक्त सडक खण्डको देहाय वमोजिम समस्या तथा सुझावहरुमा सम्बन्धित निकायको ध्यानाकर्षण तथा निर्देश गरिएको थियो ।

१. मुग्लिन–नारायणघाट सडक खण्डमा परी मृत्यु भएका प्रहरी लगायत सबै मृतकहरुप्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्दै यस सडक खण्डको मर्मत/निर्माण कार्यमा संलग्न सम्बद्ध सरोकारवाला सबैलाई हालसम्म सम्पन्न भएको कार्यको लागि धन्यबाद दिदै मुलुकको लाईफ लाइनको रुपमा रहेको यो सडकको मुग्लिन–नारायणघाट सडक खण्डको कार्य समयमै सम्पन्न गर्न अझ संवेदनशील, जिम्मेवारी र प्रतिबद्ध भई लाग्न सरोकारवाला सम्बद्ध आयोजना, जिल्ला प्रशासन कार्यालय, निर्माण व्यवसायीको भौतिक

पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयमार्फत ध्यानाकर्षण गर्दछ ।

२. पहिरो गैरहेका एवम् अझ जाने सम्भावना भएको यस मुग्लिन–नारायणघाट सडक खण्डको लगभग ७ कि.मी. सडक खण्डमा वर्षाको डेढ/दुई महिना जति समयमा सुरक्षाको दृष्टिले राती गाडी गुड्न नदिई सुरक्षाको व्यवस्था गरी सो समयमा पहिरो नजाने सुरक्षित ठाउंमा सम्भव भए सम्म मर्मतका के कस्ता कार्यहरु गर्न सम्भव हुन्छ अध्ययन गरी सम्भव भएका कार्यहरु यथाशिघ्र द्रुत गतिमा गर्न गराउन प्रमुख जिल्ला प्रशासन कार्यालय, सम्बद्ध आयोजनालाई भौतिक पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, र गृह मन्त्रालय मार्फत समिति ध्यानाकर्षण तथा निर्देश गर्दछ ।

३. मुग्लिन–नारायणघाट सडक खण्डको लागि आवश्यक निर्माण सामाग्री, मेशीन तथा औजार र जनशक्ति जस्ता अत्यावश्यक कुराहरु कुनै पनि कारपणबाट कुनै पनि अवस्थामा अभाव हुन नदिने वातावरण वनाउन सम्बद्ध निकायहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, र गृह मन्त्रालय मार्फत सम्बद्ध आयोजना, निर्माण व्यवसायी, परामर्शदाता, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण तथा निर्देश गर्दछ ।

४. मुग्लिन–नारायणघाट सडक खण्डमा देखिएका जतिपनि समस्याहरु छन् (यूटिलिटी, विद्युत पोल, पाईपलाईन, बन जंगल जस्ता मर्मतका क्रममा आउने समस्याहरु) यथाशिघ्र समाधान गर्न जिल्ला प्रशासन कार्यालय, आयोजनाको सम्बद्ध मन्त्रालय भौतिक पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, र गृह मन्त्रालयमार्फत ध्यानाकर्षण गर्दछ ।

५. मुग्लिन–नारायणघाट सडक खण्डमा यातायात/सवारी साधन संचालनको क्रममा यात्रुहरुको सडक सुरक्षा नियमित र भरपर्दो बनाउने कार्यलाई प्राथमिकताका साथ गर्न गराउन सम्बद्ध आयोजना, जिल्ला प्रशासन कार्यालय, निर्माण व्यवसायी, सम्बद्ध मन्त्रालय भौतिक पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयमार्फत ध्यानाकर्षण गर्दछ ।

६. पूलहरु निर्माणका सम्बन्धमा ४ वटा पूलहरुको निर्माणका कार्य प्रकृयालाई छिटो टुंग्याई कार्यान्वयनमा ल्याउन र बांकी पूलहरुको डाईभर्सन लगायतका आवश्यक कार्यहरु व्यवस्थित रुपमा यथाशिघ्र कार्य अगाडी बढाउन आयोजना, जिल्ला प्रशासन कार्यालय, निर्माण व्यवसायीको सम्बद्ध मन्त्रालय भौतिक पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयमार्फत ध्यानाकर्षण गर्दछ ।

७. मुग्लिन–नारायणघाट सडक खण्डको क्षण क्षणको अवस्था कहां ? के छ ? कस्तो छ ? सूचना दिने प्रणाली स्थापना गरी गराई सो को जानकारी सम्बन्धित सबैलाई दिने व्यवस्था मिलाउन सम्बद्ध आयोजना, जिल्ला प्रशासन कार्यालय, निर्माण व्यवसायीको सम्बद्ध मन्त्रालय भौतिक पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयमार्फत ध्यानाकर्षण गर्दछ ।

८. सुरक्षाको दृष्टिले मुग्लिन–नारायणघाट सडक खण्डको पहिरो जाने जोखिम क्षेत्रमा सडकको साईडमा अवस्थित घर, टहरा, बस्तिलाई स्थायी रुपमै बस्ती स्थानान्तरण गर्न यथाशिघ्र आवश्यक कार्य अगाडी बढाउन सम्बद्ध आयोजना, जिल्ला प्रशासन कार्यालय, निर्माण व्यवसायी, सम्बद्ध मन्त्रालय भौतिक पूवार्धार तथा यातायात मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

१०. मुग्लिन–नारायणघाट सडक खण्डको कम्तिमा पनि महिनामा १ पटक नियमित अनुगमन, निरीक्षण एव्म देखिएका समस्या समाधान गर्न आवश्यक छलफलको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा क्षेत्रीय प्रहरी ईकाई, स्थानीय जनप्रतिनिधि, राजनैतिक दलहरु र सरोकारवाला सम्बद्ध विच एक समिति यथाशिघ्र गठन गर्न सम्बद्ध सबैको ध्यानाकर्षण गर्दछ ।

११. मुग्लिन–नारायणघाट सडक खण्डको अहिले भैरहेको ईष्टिमेट र डिजाईनीङ्गमा भविष्यमा सडकको सुरक्षाको लागि थप के के गर्न आवश्यक छ, त्यस्ता विषयहरुलाई १५ दिनभित्र प्रतिवेदन तयार गरी समितिमा पेश गर्न मुग्लिन–नारायणघाट सडक आयोजनालाई समिति ध्यानाकर्षण तथा निर्देश गर्दछ ।

१२. त्रिपुरेश्वर-कलंकी-नागढुङ्गा सडक विस्तार आयोजना अन्तरगत कलंकी-नागढुङ्गा सडक खण्ड विस्तार गर्ने कार्य केही स्थानीयबासिले सर्वोच्च अदालतमा गरेको उजुरीबाट उक्त सडक खण्डको विस्तार गर्ने कार्य विगत १५/१६ महिनादेखि अवरुद्ध हुँदै आएकोले उपत्यका प्रवेशको अति महत्वपूर्ण एवं अत्याधिक चाप रहेको यस सडक खण्डको विस्तारमा देखिएको अवरोधका कारण समग्र उपत्यका नै प्रभावित हुन गएको, यस विकास समितिले मिति २०७४ असार १३ गते गरेको स्थलगत अध्ययन भ्रमणको क्रममा देखियो । उक्त सडक खण्डको विस्तार कार्यमा पुगेको अवरोधका कारण सडक विस्तारको निर्धारित लक्ष्य समेत व्यवहारिक रुपमा पूरा हुन नसक्ने देखिएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेशको उच्च सम्मान गर्दै, पीडितहरुलाई कानुन बमोजिम क्षतिपूर्ति उपलब्ध गराई उक्त सडक खण्डको विस्तार कार्यलाई सम्भावित उपाय पत्ता लगाई तत्काल अगाडि बढाउन सम्बन्धित निकायको ध्यानाकर्षण तथा निर्देश गर्दछ ।


**७. निष्कर्ष :**

काठमाण्डौंको लाईफलाईनको रुपमा रहेको नारायणघाट–मुग्लिन सडक खण्डको बिस्तारको कार्य बिबिध कारणले कार्य प्रगतिमा तिब्रता लिन नसकिएपनि भविष्यमा आईपर्ने यात्रुहरुको सडक सुरक्षा लगायतका बिभिन्न समस्याहरुप्रति सम्बद्ध निकायको ध्यान गई शिघ्रता शिघ्र निर्माण कार्य सम्पन्न हुने कुरामा समिति विश्वस्थ रहेको छ ।

## स्थलगत भ्रमणका केही तस्विरहरु






TOYOT












दुर्घटना
सम्भावित
क्षेत्र
आत्मा
TATA
SUPER





